**नेपाल सरकार**
**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय**
**छात्रवृत्ति शाखा,**

प्रकाशन मितिः २०७७|०३|०८

विषयः नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत श्री मिथिला आयुर्वेद कलेज तथा अनुसन्धान केन्द्रबाट प्राप्त भएको स्नातक तह आयुर्वेद (BAMS) विषयको छात्रवृत्तिमा दरखास्त आह्वान गरिएको जरुरी सूचना ।

चिकित्सा शिक्षा ऐन २०७५ बमोजिम नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयलाई प्राप्त नेपाल संस्कृत विश्वविद्यालय र सो अन्तरगतका आङ्गिक क्याम्पसमा ७५ प्रतिशत एवं सोही विश्वविद्यालय र सो अन्तरगतका निजी कलेजहरुबाट स्वदेशी लगानीका भए १० प्रतिशत र विदेशी लगानीकामा २० प्रतिशत छात्रवृत्तिको प्रावधान बमोजिम शैक्षिक बर्ष २०७६ का लागि श्री मिथिला आयुर्वेद कलेज तथा अनुसन्धान केन्द्रबाट प्राप्त भएको स्नातक तह आयुर्वेद ( BAMS) विषयको ४ सीट छात्रवृत्तिमा छात्रबृत्ति सम्बन्धी नियमावली २०६० (संसोधन सहित) बमोजिम विद्यार्थी छनौट गर्नु पर्ने भएकोले नेपाल संस्कृत विश्वविद्यालय , आयुर्वेद अध्ययन संस्थान बेलझुण्डी दाङले २०७६ सालमा सञ्चालन गरेको प्रवेश परीक्षा र सोही आधारमा सोही विश्वविद्यालय अन्तरगतको सोही विषयमा अध्ययनका लागि आह्वान भई पर्न आएको दरखास्तका आधारमा यस मन्त्रालयले मिति २०७६ साल फागुन १५ गते निर्णय गरी तयार पारेको मन्त्रालयको योग्यताक्रम सूचीमा रहेका ईच्छुक व्यक्तिहरुबाट यसै साथ संलग्न गरिएबमोजिमको दरखास्त आह्वान गरिएको छ । दरखास्त डाउनलोड गरी आवश्यक विवरण भरेपछि स्क्यान गरेर scholarship@moest.gov.np मार्फत पठाउनु पर्ने छ । इमेल लेख्दा विषय खुलाउनु पर्ने छ ।

१. दरखास्तका लागि अवश्यक न्यूनतम योग्यता

क. शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले २०७६ साल फागुन १५गते निर्णय गरी प्रकाशन गरेको योग्यताक्रम सूचीमा नाम समावेश भएको हुनुपर्नेछ ।

ख. मन्त्रालयको मिति २०७७।०३।०८ को निर्णयानुसार विषयगत रुपमा तोकिएको सिट संख्या र दरखास्तका लागि तोकिएको समूह देहाय बमोजिम कायम गरिएको छ ।

| क्र.स. | कलेज | Scholarship seat | General Quota | Reservation Quota |
|---|---|---|---|---|
| १ | श्री मिथिला आयुर्वेद कलेज तथा अनुसन्धान केन्द्र | ४ | २ | २ |

***समूहगत तथा आरक्षणगत सिट विभाजन***

| कुल | ४ |
|---|---|
| साधारण (५५ प्रतिशत ) | २ |
| आरक्षण ( ४५ प्रतिशत)<br>• महिला<br>• जनजाति | २<br>१<br>१ |

२) दरखास्त दिने म्यादः मिति २०७७ साल असार ९ गतेदेखि २०७७ साल असार १५ गतेसम्म शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय छात्रवृत्ति शाखा, केशरमहलमा इमेल scholarship@moest.gov.np बाट दरखास्त पठाउन सकिने छ । दस्तखत नभएको तथा पूर्ण विवरण नभरिएको र म्याद नाघेर आएको दरखास्त स्वीकृत हुने छैन ।

३) दरखास्त साथ यस मन्त्रालयमा आवेदन दिँदाको बखतको निस्सा पनि स्क्यान गरी पठाउनु पर्ने छ ।

पुनश्चः फारम भर्न कुनै समस्या भएमा शाखाको फोन नं ४४१८१६९ मा सम्पर्क गर्न सकिने छ ।

रु.१०।-को हुलाक
टिकट टांस गर्ने

दर्ता नं
मिति

फोटो

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
छात्रवृत्ति शाखा, केशरमहल ।

**विषय : मनोनयनका लागि आवेदन गरेको सम्वन्धमा ।**

प्रस्तुत विषयमा यस मन्त्रालयद्वारा मिति २०७७०३/०८ मा प्रकाशित सूचना अनुसार नेपाल संस्कृत विश्वविद्यालय अन्तर्गत श्री मिथिला आयुर्वेद कलेज तथा अनुसन्धान केन्द्रमा आयुर्वेद (BAMS) विषयको स्नातक तहमा छात्रवृत्तिमा अध्ययन गर्न आवेदन माग गरेको म त्यसका लागि योग्य भएको व्यहोरा अनुरोध गर्न चाहन्छु । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले २०७६ सालमा माग गरेको आवेदन बुझाई मेरो नाम देहायको योग्यताक्रममा प्रकाशित भएको हुँदा मन्त्रालयको सूचनाअनुसार नेपाल सरकारवाट प्राप्त हुने छात्रवृत्तिमा अध्ययनका लागि निम्नानुसारको विवरण सहित रु. १०।-को हुलाक टिकट समेत टाँस गरी दरखास्त पठाएको छु ।

प्रवेश परीक्षाको योग्यताक्रम सम्बन्धी विवरण

१. **आवेदन गरेको समूह (टिक लगाउनुहोस्)**

| क.स. | समूह | सामुदायिक | अन्य विद्यालय | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको योग्यताक्रम नम्बर |
|---|---|---|---|---|
| १ | साधारण | | | |
| २ | महिला | | | |
| ३ | जनजाति | | | |

निवेदक : नामथर : ................................................................ Name In English : ......................................................

जन्म मिति विक्रम संवत् : ........................................................... ईश्वी संवत : ................................

दरखास्त दिँदाको बखतको उमेर : ................वर्ष सम्पर्क फोन.नं./मोवाईल नं. : .........................................

इमेल : ..........................

अभिभावकको नाम थर :................................................ सम्पर्क फोन न/मोवाइल नं. : .......................................

माथि लेखिएको व्यहोरा ठीक सांचो छ झुट्टा ठहरे कानुन वमोजिम सहुँला बुझाउंला ।

यो दरखास्त फारामका आधारमा हुने पूर्वमनोनयनको नतिजाको जानकारी मन्त्रालयको वेवसाइट www.moest.gov.np बाट लिई तोकिएवमोजिम मन्त्रालयमा सम्पर्क गर्ने छु भनी सहि छाप गरेको छु ।

दस्तखत..................................

मिति................................

| दायाँ | बायाँ |
|---|---|